# जिल्ला समन्वय समितिको कार्यालय

## दोलखा, बागमती प्रदेश

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम २०८१ बैशाख देखि २०८१ असार मसान्तसम्म यस कार्यालयद्वारा सम्पादित कामको स्वतः प्रकाशनः

## २०८१ श्रावण

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हक सम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्ने रहेकोले सोही क्रममा २०८१ वैशाख १ देखि २०८१ असार मसान्त सम्म सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ ।

जिल्ला समन्वय समितिको कार्यालय चरिकोट, दोलखा ।

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

# बिषय सूची


१. जि.स.स.को स्वरुप र प्रकृतिः ........ १

२. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी कानूनी व्यवस्थाः ........ १

३. जि.स.स.मा रहेको कर्मचारी संख्या र कार्य विवरणः ........ ३

४. जि.स.स.बाट प्रदान गरिने सेवाः ........ ६

५. जि.स.स.को शाखा र जिम्मेवार अधिकारीः ........ ६

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः ........ ६

७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः ........ ६

८. निर्णय उपर उजूरी सुन्ने अधिकारीः ........ ७

९. सम्पादन गरेको कामको विवरणः ........ ७

१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः ........ २२

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः ........ २२

१२. तोकिए बमोजिमका अन्य विवरणः ........ २२

१३. अघिल्लो आर्थिक वर्षमा जि.स.स.ले सञ्चालन गरेको कार्यक्रम वा आयोजनाको विवरणः ........ २२

१४. जि.स.स.को वेबसाइटः ........ २३

१५. जि.स.स.ले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः ........ २३

१६. जि.स.स.ले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः ........ २३

१७. जि.स.स.ले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधिः ........ २३

१८.आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ........ २४

१९. जि.स.स.मा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः ........ २६

२०. जि.स.स.का सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः ........ २६


जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

## १. जि.स.स.को स्वरुप र प्रकृतिः

जिल्ला समन्वय समितिको कार्यालयमा निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्वदायी भूमिका हुन्छ । नेपालको संविधान (२०७२) को धारा २२० मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभामा एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने र जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने भन्ने व्यवस्था रहेको छ । दोलखा जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र सात जना सदस्य गरी जम्मा नौ जना पदाधिकारी रहनु भएको छ । समितिको बैठक प्रत्येक महिनाको कम्तीमा एक पटक र आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त निर्देशन, जिल्ला सभा र जिल्ला समन्वय समितिद्वारा भएका निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन सञ्चालनको लागि जिल्ला समन्वय अधिकारीको नेतृत्वमा निजामती (स्थायी) र करारमा कर्मचारीहरु कार्यरत रहेका छन् । नेपालको संविधानका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ ।

## २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी कानूनी व्यवस्थाः

तीन तहका सरकारहरुबीच प्रभावकारी रुपमा समन्वयकारी भूमिकामा रहेको जिल्ला समन्वय समितिलाई कानूनी रुपमा प्राप्त काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाहरु देहाय अनुसार रहेको छ ।

### (क) संवैधानिक व्यवस्थाः

नेपालको संविधान (२०७२) को धारा २२० को उपधारा (७) मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरेको छ ।

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने ।
- विकास तथा निर्माण सम्बन्धी काममा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने ।
- जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय, गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने ।
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने व्यवस्था समेत गरिएको छ ।

### (ख) कानूनी व्यवस्थाः

#### (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४:

प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि संविधानमा व्यवस्था भएअनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा देहाय बमोजिम जिल्ला सभाको काम, कर्तव्य र अधिकारको उल्लेख गरिएको छ ।

- जिल्लाभित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने ।



जिल्ला समन्वय अधिकारी

- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने ।
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने ।
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बीच समन्वय गर्ने ।
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।
- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने ।
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने ।
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रतिवेदन दिने ।
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।
- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुने व्यवस्था रहेको छ ।

(२) जिल्ला समन्वय सिमितको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५:

नियम ३ मा संविधान तथा अन्य प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था रहेको छ ।

- जिल्लाभित्रका सङ्घीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तह बीच समन्वय गर्ने ।
- जिल्लाभित्रका स्थानीय तहमा विकास निर्माण सम्बन्धी कार्यको अनुगमन गर्ने ।
- जिल्लाभित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।
- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धी योजना र राहत वितरण लगायतका कार्यमा समन्वय र सहजीकरण गर्ने ।
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने ।

जिल्ला समन्वय अधिकारी


- जिल्लाभित्रको विकास तथा निमार्ण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि प्रदेश सरकार तथा आवश्यकता अनुसार सम्बिन्धत स्थानीय तहलाई समेत सुझाव दिने ।
- जिल्लाभित्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंथाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बिन्धत स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- जिल्लाभित्रका एकभन्दा बढी स्थानीय तह प्रभावित हुने आयोजना तथा परियोजनाका प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न समन्वय गर्ने ।
- जिल्लाको समग्र विकासका लागि सरोकारवालासँग छलफल र समन्वय गर्ने ।
- जिल्लाभित्र सञ्चालित सङ्घीय तथा प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनको सम्बन्धमा सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय, सहजीकरण र सहयोग गर्ने ।
- जिल्लास्तरीय अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गर्ने ।
- जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने ।
- जिल्लाभित्रका स्थानीय तहले तर्जुमा गरेका कानूनको अभिलेखिकरण गर्ने ।
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वार्षिक समीक्षा आयोजना गर्ने ।
- नेपाल सरकारले अवलम्बन गरेको नीति अनुरुप स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री, सरसफाई, खोप, साक्षरता अभियान तथा भवन आचार संहिता सम्बन्धी क्रियाकलाप सञ्चालन गरे नगरेको अनुगमन गरी प्रतिवेदन सङ्घीय सरकार तथा प्रदेश सरकार समक्ष पेश गर्ने ।
- स्थानीय तहबाट सम्पादित विकास निर्माणको गुणस्तरीयताको अध्ययन/परीक्षण गरी सोको प्रतिवेदन सङ्घीय तथा प्रदेश सरकार समक्ष पेश गर्ने ।
- उत्कृष्ट स्थानीय तहलाई पुरस्कृत गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।
- नदीजन्य पदार्थ उत्खनन्को क्रममा तोकिएको मापदण्ड विपरीत उत्खनन् एवं बिक्री गरेको सम्बन्धमा अनुगमन गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।
- प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

## ३. जि.स.स.मा रहेको कर्मचारी संख्या र कार्य विवरणः

समिति र कार्यालयमा रहेका पदाधिकारी तथा कर्मचारीहरुको संगठन संरचना सहितको विवरण देहाय अनुसार उल्लेख गरिएको छ ।

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

(१) जि.स.स.को संगठन संरचनाः




जिल्ला समन्वय अधिकारी

(२) जि.स.स.का पदाधिकारीहरुको नामावलीः

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख | श्री बर्जुराम घतानी | |
| २ | उपप्रमुख | श्री दोर्जी शेर्पा | |
| ३ | सदस्य | श्री अनिल कुमार तामाङ्ग | प्रवक्ता |
| ४ | सदस्य | श्री कल्पना थामी | |
| ५ | सदस्य | श्री चन्द्रकला ठकुरी | |
| ६ | सदस्य | श्री मेनुका चौलागाईं | |
| ७ | सदस्य | श्री कृष्ण बहादुर श्रेष्ठ | |
| ८ | सदस्य | श्री सन फिन्जु शेर्पा | |
| ९ | सदस्य | श्री टसी शेर्पा | |

(३) जि.स.स.का कर्मचारीहरुको नामावलीः

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | श्री राम प्रसाद पोखरेल | |
| २ | शाखा अधिकृत | - | रिक्त |
| ३ | इन्जिनियर | - | रिक्त |
| ४ | नायव सुब्बा | लक्ष्मी तामाङ | |
| ५ | ना.सु. (निजी सचिव) | मिन कुमार खड्का | |
| ६ | लेखापाल | श्री राजन कुमार शिवाकोटी | |
| ७ | सब-इन्जिनियर | श्री शैलेन्द्र भट्ट | |

| क.सं. | पद | कर्मचारीको नाम, थर | कैफियत |
|---|---|---|---|
| ८ | खरिदार | श्री केदार खत्री | |
| ९ | हलुका सवारी चालक | श्री सुन्दर कार्की | करार |
| १० | हलुका सवारी चालक | श्री गोपी सुवेदी | करार |
| ११ | कार्यालय सहयोगी | श्री शम्भु खत्री | करार |
| १२ | कार्यालय सहयोगी | श्री रेखा उप्रेती | करार |
| १३ | कार्यालय सहयोगी | श्री रामहरि थापा | करार |
| १४ | सरसफाई कर्मचारी | श्री बाबुराम दर्जी | करार |

## ४. जि.स.स.बाट प्रदान गरिने सेवाः

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का साथै सङ्घीय र प्रदेश कानून बमोजिमका सबै सेवाहरु प्रदान गरिएको छ । सूचना प्रविधिको प्रयोग गरी कार्यालयका गतिविधिहरु कार्यालयको सामाजिक सञ्जाल र वेबसाइटमा नियमित रुपमा सार्वजनिक गर्ने गरिएको छ ।

## ५. जि.स.स.को शाखा र जिम्मेवार अधिकारीः

| क.सं. | शाखाको नाम, थर | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | व्यवस्थापन शाखा | ना.सु. लक्ष्मी तामाङ | |
| २ | अनुगमन तथा मूल्याङ्कन शाखा | सब-ई. श्री शैलेन्द्र भट्ट | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

जिल्ला समन्वय समितिद्वारा सबै सेवाहरु निःशुल्क रुपमा प्रदान गरिएको छ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

शाखाका जिम्मेवार कर्मचारीहरुबाट भएगरेका काम कारवाहीको जानकारी कार्यालय प्रमुखलाई गराई कार्य सम्पादन गर्ने गरिएको साथै कार्यालयसँग सम्बन्धित महत्वपूर्ण निर्णयहरु सम्बन्धित शाखाबाट पेश भई लिखित रुपमा कार्यालय प्रमुखको तहबाट निर्णय भई कार्यान्वयन गरिएको छ । नीतिगत विषयसँग सम्बन्धित निर्णयहरु जिल्ला समन्वय समिति र जिल्ला सभाबाट हुने गरेका छन् ।

जिल्ला समन्वय अधिकारी

८. निर्णय उपर उजूरी सुन्ने अधिकारीः

- कार्यालयको दैनिक कामकाज सम्बन्धमा भएको निर्णय सम्बन्धी उजूरी- जिल्ला समन्वय अधिकारी ।
- जिल्ला समन्वय अधिकारीको निर्णय सम्बन्धी उजूरी- जिल्ला समन्वय समितिका प्रमुख ।

९. सम्पादन गरेको कामको विवरणः

२०८१ बैशाख देखि असार मसान्तसम्म यस समितिबाट जिल्लाका विभिन्न नगरपालिका, गाउँपालिका र कार्यालयहरुद्वारा सम्पादन गरिने कार्यक्रम सम्बन्धी गतिविधिहरुको अनुगमन मुख्य रुपमा सम्पन्न भएको छ । साथै जिल्लामा सञ्चालित क्रसर उद्योगहरुलाई व्यवस्थित गर्न अनुगमन गरिएको छ । अन्य सम्पादित मुख्य मुख्य कार्यहरु देहाय अनुसार उल्लेख गरिएको छ ।

मिति २०८१/१/४ गते जिल्ला समन्वय समिति दोलखा र नगर/गाउँपालिका दोलखाको आयोजनामा दोलखा जिल्लाका जलविद्युतहरुबाट प्राप्त अवसर, समस्या/ चुनौती विषयक अन्तरक्रिया कार्यक्रम जिल्ला समन्वय समितका प्रमुख श्री बर्जुराम घतानीज्यूको अध्यक्षतामा प्रमुख अतिथि माननीय उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री शक्ति बहादुर बस्नेत अतिथिहरु दोलखा जिल्लाबाट निर्वाचित माननीयज्यूहरु पूर्व मन्त्रीज्यूहरु, स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख जिल्ला अधिकारी , नेपाल प्राधिकरणका कार्यकारी निर्देशक, जलविद्युत कम्पनीहरुका प्रमुख/प्रतिनिधिहरु पत्रकार लगायतको उपस्थितिमा सम्पन्न ।




जिल्ला समन्वय अधिकारी








कार्यक्रमका केही तस्वीरहरु

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

मिति २०८१/१/११ गते जिल्ला समन्वय समिति दोलखाको आयोजनामा नेपाल सरकार,प्रदेश सरकार तथा स्थानीय तह अन्तरगतका भौतिक निर्माणका बजेट/ कार्यक्रम सञ्चालन भएका कार्यालयका प्राविधिक कर्मचारीहरुसँग सहजिकरण एवम् समन्वय बैठक जिल्ला समन्वय समितिका प्रमुख श्री बर्जुराम घतानीको अध्यक्षतामा सम्पन्न



<u>कार्यक्रमको तस्वीर</u>

मिति २०८१/१/२४ गते जिल्ला समन्वय समिति दोलखाको आयोजना र विगु गाउँपालिकाको व्यवस्थापनमा जिल्ला समन्वय समिति दोलखा र माननीय प्रदेश सदस्य ज्यू स्थानीय तहका प्रमुख/ अध्यक्ष ,उप्रमुख/ उपाध्यक्ष ,प्रमुख जिल्ला अधिकारी प्रमुख प्रशासकीय अधिकृतहरु सुरक्षा निकायका प्रमुख विभिन्न कार्यालयहरुका प्रमुख लगायतको उपस्थितिमा अन्तरपालिका स्तरीय बैठक जि. स. स. दोलखाका प्रमुख श्री बर्जुराम घतानीज्यूको अध्यक्षतामा विगु गुम्बामा सम्पन्न।





जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल





कार्यक्रमका केही झलक

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

मिति २०८१/२/२५ गते जिल्ला समन्वय समिति दोलखाको आयोजना र शैलुङ गाउँपालिकाको व्यवस्थापनमा जिल्ला समन्वय समिति दोलखा र स्थानीय तहका प्रमुख/ अध्यक्ष ,उप्रमुख/ उपाध्यक्ष ,प्रमुख जिल्ला अधिकारी प्रमुख प्रशासकीय अधिकृतहरु सुरक्षा निकायका प्रमुख विभिन्न कार्यालयहरुका प्रमुख लगायतको उपस्थितिमा अन्तरपालिका स्तरीय बैठक जि. स. स. दोलखाका प्रमुख श्री बर्जुराम घतानीज्यूको अध्यक्षतामा शैलुङ गाउँपालिकाको कालापानीमा सम्पन्न।




कार्यक्रमका केही तस्वीर

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

मिति २०८१/३/४ गते जिल्ला समन्वय समिति दोलखाको आयोजनामा आ. ब. २०८०/०८१ मा संघीय तथा प्रदेश सरकार अन्तरगतका कार्यालयहरुबाट सञ्चालन भएका बजेट तथा कार्यक्रमहरुको तेस्रो त्रैमासिक र चौथो त्रैमासिक समीक्षा कार्यक्रम जिल्ला समन्वय समिति दोलखाका प्रमुख श्री बर्जुराम घतानीको अध्यक्षतामा, प्रमुख अतिथि माननीय राष्ट्रिय सभा सदस्य घनश्याम रिजाल उपलब्ध स्थानीय तहका प्रमुख/ अध्यक्ष , उपप्रमुख/उपाध्यक्ष प्रमुख जिल्ला अधिकारी प्रमुख प्रशासकीय अधिकृत विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधि हरु पत्रकार लगायतको उपस्थितिमा सम्पन्न।







कार्यक्रमको केही झलक

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

मिति २०८१/३/२८ गते जिल्ला समन्वय समिति तथा स्थानीय तहका प्रमुख/ अध्यक्ष, उपप्रमुख/ उपाध्यक्ष एवम् प्रमुख प्रशासकीय अधिकृतहरुको समन्वय बैठक जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न।









कार्यक्रमका केही तस्विरहरु

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय दोलखाद्वारा जिल्लामा विभिन्न निकाय द्वारा संचालित बिकास निर्माणका कार्यहरुको अनुगमन सम्पन्न भएको छ ।





भिमेश्वर नगरपालिका द्वारा संचालित बिकास निर्माणका कार्यको अनुगमन



<u>बिगु गाउँपालिका द्वारा संचलित बिकास निर्माणका कार्यको अनुगमन</u>

जिल्ला समन्वय अधिकारी











गौरीशंकर गा.पा. द्वारा संचालित बिकास निर्माणको अनुगमन

जिल्ला समन्वय अधिकारी









जिरी नगरपालिकाद्वारा संचालित बिकास निर्माणका कार्यको अनुगमन

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश










<u>तामाकोशी गाउँपालिकाद्वारा संचालित बिकास निर्माणको अनुगमन</u>

जिल्ला समन्वय अधिकारी












मेलुङ गाउँपालिकाद्वारा संचालित बिकास निर्माणको अनुगमन

जिल्ला समन्वय अधिकारी











बाग्मति प्रदेश सरकार अन्तर्गतको जलस्रोत तथा सिंचाई बिकास डिभिजनद्वारा संचालित बिकास निर्माणको अनुगमन

जिल्ला समन्वय अधिकारी









बागमती प्रदेश सरकारद्वारा जिल्लाका विभिन्न स्थानमा संचालित बिकास निर्माणका कार्यको अनुगमन

जिल्ला समन्वय अधिकारी

१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

- कार्यालय प्रमुखः जिल्ला समन्वय अधिकारी श्री राम प्रसाद पोखरेल।
- सूचना अधिकारीः नायब सुब्बा श्री लक्ष्मी तामाङ ।

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- नेपालको संविधान (२०७२)
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ (बागमती प्रदेश)
- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५ (बागमती प्रदेश)
- वातावरण संरक्षण ऐन, २०७६ (नेपाल सरकार)
- वातावरण संरक्षण नियमावली २०७७ (नेपाल सरकार)
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (नेपाल सरकार)
- नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ (बागमती प्रदेश)
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७
- प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि नियमावली, २०७६
- दोलखा जिल्लामा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी नियमन कार्यविधि, २०७७

१२. तोकिए बमोजिमका अन्य विवरणः

- सङ्घीय सरकार र प्रदेश सरकारका मन्त्रालय/विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु समयमै सम्पन्न गर्ने गरिएको ।
- जिल्ला स्थित सरकारी कार्यालयका विभिन्न समितिहरुमा समिति/कार्यालयका पदाधिकारी तथा कर्मचारीहरुको प्रतिनिधित्व रहेको ।

१३. अघिल्लो आर्थिक वर्षमा जि.स.स.ले सञ्चालन गरेको कार्यक्रम वा आयोजनाको विवरणः

क) वार्षिक समीक्षा कार्यक्रम ।

ख) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम र प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको अनुगमन ।

ग) जनप्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखीकरण तथा क्षमता विकास तालिम ।

घ) स्थानीय न्यायिक समितिको अनुगमन तथा अन्तर्क्रिया गोष्ठी ।

ङ) जिल्ला समन्वय समितिको मौज्दात कोष तर्फको योजना छनौट ।

च) विकास निर्माण कार्यहरुको अनुगमन ।

छ) जिल्ला समन्वय समितिको जिन्सी हस्तान्तरण र व्यवस्थापन ।

जिल्ला समन्वय अधिकारी

ज) बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धी अनुगमन र समीक्षा ।

झ) नगरपालिका/गाउँपालिकाहरुको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी कार्यको अनुगमन र वित्तीय सुशासन जोखिम मूल्याङ्कन ।

ञ) संघ तथा प्रदेश सरकारबाट सञ्चालित क्षमता विकास लगायत कार्यक्रमहरुको समन्वय र सहजीकरण ।

ट) गैरसरकारी संस्थाहरुद्वारा सञ्चालित कार्यक्रमहरुको अनुगमन र संयोजन ।

## १४. जि.स.स.को वेबसाइटः

यस कार्यालयको वेभसाइट www.ddcdolakha.gov.np रहेको छ ।

## १५. जि.स.स.ले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः

यस अवधिमा कुनै किसिमको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता लगायतका कार्य भएको छैन ।

## १६. जि.स.स.ले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तोकिए बमोजिमका कार्य गर्न प्रत्येक महिना कम्तीमा एक पटक जिल्ला समन्वय समितिका पदाधिकारीहरुको नियमित बैठक बस्नुका साथै आवश्यकता अनुसार समय समयमा अन्य बैठकहरु समेत बस्ने गरेको छ ।

समितिले यस अवधिमा सञ्चालन गरेको कार्यक्रमहरु माथि उल्लेख गरिएको छ । जिल्ला समन्वय समितिबाट जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालय एवं संघसंस्थाहरुको कार्य प्रगति सम्बन्धी समीक्षा लगायतका प्रतिवेदन प्रकाशन गर्ने एवम् सम्बद्ध निकायहरुमा पठाउने गरिएको छ ।

## १७. जि.स.स.ले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधिः

यस समितिद्वारा जिल्ला स्थित नगरपालिका/गाउँपालिका लगायत विभिन्न सरकारी कार्यालयहरुसँग सम्बन्धित सूचना तथा तथ्याङ्कहरु संग्रह गरी एकीकृत रुपमा संरक्षण गर्ने प्रयास स्वरुप विगतदेखि सूचना तथा अभिलेख केन्द्र स्थापना गरिएको छ । समितिका सूचना तथा तथ्याङ्कहरु सबैले हेर्न र लिन सकिने गरी व्यवस्था मिलाइएको छ ।

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

# १८.आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

म.ले.प. फाराम नं:२१०

नेपाल सरकार

जिल्ला समन्वय समितिको कार्यालय, दोलखा
कार्यालय कोड नं : ३६५००२३०१

**खर्चको फाँटवारी**

आर्थिक वर्ष: २०८०/८१

महिना: असार

बजेट उपशीर्षक नम्बर: ३६५००१०४३

आयोजना/कार्यक्रम नाम: जिल्ला समन्वय समितिको कार्यालयहरु

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 5.1.2.1 कर्मचारी र पदाधिकारीहरुको तलब/पारिश्रमिक तथा विभिन्न भत्ता | | | | | ११,०४६,०००.०० | ८,३९५,५९३.३८ | ७,७२७,९०४.०० | ६६७,६८९.३८ | ८,३९५,५९३.३८ | ०.०० | ८,३९५,५९३.३८ | २,६५०,४०६.६२ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ११,०४६,०००.०० | ८,३९५,५९३.३८ | ७,७२७,९०४.०० | ६६७,६८९.३८ | ८,३९५,५९३.३८ | ०.०० | ८,३९५,५९३.३८ | २,६५०,४०६.६२ |
| 5.1.2.2 करार सेवा शुल्क -निर्दि अभिकारण | | | | | ४६३,०००.०० | ४५३,४९०.०० | ४१८,७६०.०० | ३४,७३०.०० | ४५३,४९०.०० | ०.०० | ४५३,४९०.०० | ९,५१०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४६३,०००.०० | ४५३,४९०.०० | ४१८,७६०.०० | ३४,७३०.०० | ४५३,४९०.०० | ०.०० | ४५३,४९०.०० | ९,५१०.०० |
| 5.1.3.1 अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी बिजुली, संचार महशुल, ईन्धन, बीमा, | | | | | २,८३२,०००.०० | २,८१३,४५४.०० | २,०८६,७८७.०० | ७२६,६६७.०० | २,८१३,४५४.०० | ०.०० | २,८१३,४५४.०० | १८,५४६.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,८३२,०००.०० | २,८१३,४५४.०० | २,०८६,७८७.०० | ७२६,६६७.०० | २,८१३,४५४.०० | ०.०० | २,८१३,४५४.०० | १८,५४६.०० |
| 5.1.4.1 कार्यक्रम खर्च (समिक्षा बैठक सहित) | | | | | ४०१,०००.०० | ३७९,५००.०० | ३७९,५००.०० | ०.०० | ३७९,५००.०० | ०.०० | ३७९,५००.०० | २१,५००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४०१,०००.०० | ३७९,५००.०० | ३७९,५००.०० | ०.०० | ३७९,५००.०० | ०.०० | ३७९,५००.०० | २१,५००.०० |
| 5.1.4.2 अनुगमन तथा भ्रमण खर्च | | | | | ८८०,०००.०० | ८५९,७३५.०० | ७१९,८९५.०० | १३९,८४०.०० | ८५९,७३५.०० | ०.०० | ८५९,७३५.०० | २०,२६५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८८०,०००.०० | ८५९,७३५.०० | ७१९,८९५.०० | १३९,८४०.०० | ८५९,७३५.०० | ०.०० | ८५९,७३५.०० | २०,२६५.०० |
| जम्मा | | | | | १५,६२२,०००.०० | १२,९०१,७७२.३८ | ११,३३२,८४६.०० | १,५६८,९२६.३८ | १२,९०१,७७२.३८ | ०.०० | १२,९०१,७७२.३८ | २,७२०,२२७.६२ |

स्रोतगत जम्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | १५,६२२,०००.०० | १२,९०१,७७२.३८ | ११,३३२,८४६.०० | १,५६८,९२६.३८ | १२,९०१,७७२.३८ | ०.०० | १२,९०१,७७२.३८ | २,७२०,२२७.६२ |
| 01-नगद | १५,६२२,०००.०० | १२,९०१,७७२.३८ | ११,३३२,८४६.०० | १,५६८,९२६.३८ | १२,९०१,७७२.३८ | ०.०० | १२,९०१,७७२.३८ | २,७२०,२२७.६२ |
| जम्मा | १५,६२२,०००.०० | १२,९०१,७७२.३८ | ११,३३२,८४६.०० | १,५६८,९२६.३८ | १२,९०१,७७२.३८ | ०.०० | १२,९०१,७७२.३८ | २,७२०,२२७.६२ |

म.ले.प. फाराम नं:२१०

नेपाल सरकार

जिल्ला समन्वय समितिको कार्यालय, दोलखा
कार्यालय कोड नं : ३६५००२३०१

**खर्चको फाँटवारी**

आर्थिक वर्ष: २०८०/८१

महिना: असार

बजेट उपशीर्षक नम्बर: ३६५००१०६३

आयोजना/कार्यक्रम नाम: बहुक्षेत्रीय पोषण कार्यक्रम

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 2.7.25.452 बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन कार्यक्रम | | | | | २५,०००.०० | १८,४५०.०० | १८,४५०.०० | ०.०० | १८,४५०.०० | ०.०० | १८,४५०.०० | ६,५५०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २५,०००.०० | १८,४५०.०० | १८,४५०.०० | ०.०० | १८,४५०.०० | ०.०० | १८,४५०.०० | ६,५५०.०० |
| 2.7.25.453 बहुक्षेत्रीय पोषण कार्यक्रमको समीक्षा | | | | | ३५,०००.०० | २६,८८०.०० | २६,८८०.०० | ०.०० | २६,८८०.०० | ०.०० | २६,८८०.०० | ८,१२०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३५,०००.०० | २६,८८०.०० | २६,८८०.०० | ०.०० | २६,८८०.०० | ०.०० | २६,८८०.०० | ८,१२०.०० |
| जम्मा | | | | | ६०,०००.०० | ४५,३३०.०० | ४५,३३०.०० | ०.०० | ४५,३३०.०० | ०.०० | ४५,३३०.०० | १४,६७०.०० |

स्रोतगत जम्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | ६०,०००.०० | ४५,३३०.०० | ४५,३३०.०० | ०.०० | ४५,३३०.०० | ०.०० | ४५,३३०.०० | १४,६७०.०० |
| 01-नगद | ६०,०००.०० | ४५,३३०.०० | ४५,३३०.०० | ०.०० | ४५,३३०.०० | ०.०० | ४५,३३०.०० | १४,६७०.०० |
| जम्मा | ६०,०००.०० | ४५,३३०.०० | ४५,३३०.०० | ०.०० | ४५,३३०.०० | ०.०० | ४५,३३०.०० | १४,६७०.०० |

जिल्ला समन्वय अधिकारी

म.ले.प. फाराम नं:२१०

जिल्ला समन्वय समिति दोलखा
कार्यालय कोड नं : ३०१००२३०१३
## खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: ३०१०००११३

आयोजना/कार्यक्रम नाम: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

आर्थिक वर्ष: २०८०/८१
महिना: भदौ

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 2.2.1.7 ईन्धन पदाधिकारी | | | | | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | ०.०० | १५०,०००.०० | ०.०० | १५०,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | ०.०० | १५०,०००.०० | ०.०० | १५०,०००.०० | ०.०० |
| 2.2.2.17 ईन्धन कार्यालय प्रयोजन | | | | | २५०,०००.०० | २५०,०००.०० | २०१,८९९.०० | ४८,१०१.०० | २५०,०००.०० | ०.०० | २५०,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २५०,०००.०० | २५०,०००.०० | २०१,८९९.०० | ४८,१०१.०० | २५०,०००.०० | ०.०० | २५०,०००.०० | ०.०० |
| 2.3.1.4 सवारी साधन मर्मत | | | | | ३००,०००.०० | ३००,०००.०० | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३००,०००.०० | ३००,०००.०० | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० |
| 2.4.1.2 मसलन्द र कार्यालय सामग्री | | | | | २५०,०००.०० | २५०,०००.०० | २५०,०००.०० | ०.०० | २५०,०००.०० | ०.०० | २५०,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २५०,०००.०० | २५०,०००.०० | २५०,०००.०० | ०.०० | २५०,०००.०० | ०.०० | २५०,०००.०० | ०.०० |
| 2.4.12.5 पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | | | | | २००,०००.०० | १९७,९९५.०० | ९५,४८५.०० | १०२,५१०.०० | १९७,९९५.०० | ०.०० | १९७,९९५.०० | २,००५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २००,०००.०० | १९७,९९५.०० | ९५,४८५.०० | १०२,५१०.०० | १९७,९९५.०० | ०.०० | १९७,९९५.०० | २,००५.०० |
| 2.7.25.463 प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन प्रतिवेदन | | | | | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| 2.7.25.464 स्थानीय स्तरमा विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तरक्रिया | | | | | ४००,०००.०० | २८७,८५०.०० | २८७,८५०.०० | ०.०० | २८७,८५०.०० | ०.०० | २८७,८५०.०० | ११२,१५०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ४००,०००.०० | २८७,८५०.०० | २८७,८५०.०० | ०.०० | २८७,८५०.०० | ०.०० | २८७,८५०.०० | ११२,१५०.०० |
| 2.7.25.465 प्रदेश तथा स्थानीय स्तरीय विषयहरूमा समन्वय र सहजिकरण | | | | | १००,०००.०० | ९०,५५०.०० | ६०,५५०.०० | १७,७५०.०० | ७८,३००.०० | ०.०० | ७८,३००.०० | २१,७००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १००,०००.०० | ९०,५५०.०० | ६०,५५०.०० | १७,७५०.०० | ७८,३००.०० | ०.०० | ७८,३००.०० | २१,७००.०० |
| 2.7.25.466 स्थानीय तहहरूले तर्जुमा गरेका कानुनहरूको अभिलेखिकरण सहितको जिल्ला सूचना र अभिलेख | | | | | ५००,०००.०० | ४९९,७९६.०० | ०.०० | ४९९,७९६.०० | ४९९,७९६.०० | ०.०० | ४९९,७९६.०० | २०४.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ५००,०००.०० | ४९९,७९६.०० | ०.०० | ४९९,७९६.०० | ४९९,७९६.०० | ०.०० | ४९९,७९६.०० | २०४.०० |
| 2.7.25.467 जिल्ला प्रोफाइल निर्माण | | | | | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| 2.7.25.468 प्रदेश कार्यालयद्वारा सञ्चालित कार्यक्रम/आयोजनाहरूको अनुगमन तथा निरीक्षण | | | | | ५००,०००.०० | ४५३,१००.०० | २१३,२५०.०० | २३९,८५०.०० | ४५३,१००.०० | ०.०० | ४५३,१००.०० | ४६,९००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ५००,०००.०० | ४५३,१००.०० | २१३,२५०.०० | २३९,८५०.०० | ४५३,१००.०० | ०.०० | ४५३,१००.०० | ४६,९००.०० |
| 2.7.25.469 प्रदेश जिल्ला स्तरीय कार्यालय तथा स्थानीय तह सँग वार्षिक तथा त्रैमासिक समिक्षा | | | | | ४००,०००.०० | ३७०,१७०.०० | २२०,१७०.०० | ९३,९५०.०० | ३१४,१२०.०० | ०.०० | ३१४,१२०.०० | ८५,८८०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ४००,०००.०० | ३७०,१७०.०० | २२०,१७०.०० | ९३,९५०.०० | ३१४,१२०.०० | ०.०० | ३१४,१२०.०० | ८५,८८०.०० |
| 2.9.9.4 विविध खर्च | | | | | १५०,०००.०० | १५०,०००.०० | १४३,३८१.०० | ६,६१९.०० | १५०,०००.०० | ०.०० | १५०,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १५०,०००.०० | १५०,०००.०० | १४३,३८१.०० | ६,६१९.०० | १५०,०००.०० | ०.०० | १५०,०००.०० | ०.०० |
| जम्मा | | | | | ४,०००,०००.०० | २,९९९,४६१.०० | १,९२२,५८५.०० | १,००८,५७६.०० | २,९३१,१६१.०० | ०.०० | २,९३१,१६१.०० | १,०६८,८३९.०० |

स्रोतगत जम्मा

| | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | ४,०००,०००.०० | २,९९९,४६१.०० | १,९२२,५८५.०० | १,००८,५७६.०० | २,९३१,१६१.०० | ०.०० | २,९३१,१६१.०० | १,०६८,८३९.०० |
| | 01-नगद | ४,०००,०००.०० | २,९९९,४६१.०० | १,९२२,५८५.०० | १,००८,५७६.०० | २,९३१,१६१.०० | ०.०० | २,९३१,१६१.०० | १,०६८,८३९.०० |
| जम्मा | | ४,०००,०००.०० | २,९९९,४६१.०० | १,९२२,५८५.०० | १,००८,५७६.०० | २,९३१,१६१.०० | ०.०० | २,९३१,१६१.०० | १,०६८,८३९.०० |

जिल्ला समन्वय अधिकारी

## १९. जि.स.स.मा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः

सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम सरोकारवालाहरुबाट हालसम्म मौखिक र इमेल मार्फत मात्र सूचना माग भएकोले सो सूचना यथाशक्य चाँडो भन्दा चाँडो उपलब्ध गराइएको छ ।

## २०. जि.स.स.का सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः

यस समितिका सबै गतिविधिहरु समितिको वेबसाइट, फेसबुक पेज र कार्यालयको सूचना पाटी मार्फत प्रकाशित एवं नियमित रुपमा अद्यावधिक गर्ने गरिएको छ भने अन्य गतिविधिहरु समेटी वार्षिक रुपमा प्रतिवेदन प्रकाशन गरिएको छ । समितिको सूचना तथा अभिलेख केन्द्रलाई सूचना तथा प्रविधि अनुकूल बनाउँदै लगिएको छ ।

***